ura.org

# Homeowner Assistance Program (घरधनी सहायता कार्यक्रम)

**Homeowner Assistance Program (HAP)** ले **पिट्सबर्ग सिटीमा आवासीय घरधनीको स्वामित्वका सम्पत्तिहरूको पुनर्स्थापन र** सुधारका लागि **क्षेत्र मध्यम आम्दानीको 80%** मा वा तल रहेका घरधनीहरूलाई $35,000 सम्मको आर्थिक सहायता उपलब्ध गराउँछ।



## अनुदानका प्रयोगहरू

HAP ले **आस्थगित, 0% ब्याज दरमा ऋण** उपलब्ध गराउँछ जसलाई यस प्रकार प्रयोग गर्न सकिन्छ:

- घरलाई पिट्सबर्ग सिटीको आचार-संहिताको अनुपालनमा ल्याउन
- उर्जा कुशलता सुधारहरू आरम्भ गर्न
- योग्य सामान्य सम्पत्तिको सुधारहरू पूरा गर्न

## ऋणका विकल्पहरू र पुन: भुक्तानी

- HAP अनुदानहरू 0% ब्याज, 20 वर्षे आस्थगित ऋणको रूपमा वितरण गरिन्छ। नियमित पुन: भुक्तानी आवश्यक छैन।
- ऋण लिएको 10 वर्ष पुगेपछि यसै वर्षबाट सुरु हुने गरी HAP ऋणहरू 10 वर्षका लागि प्रत्येक वर्ष 10% दर छूट गरिन्छ।
- यदि खरिदकर्ताले 20 वर्षे ऋण समयावधि पूर्व सम्पत्ति खाली गरेर जानुहुन्छ भने भुक्तानी गर्न बाँकी रकम एकमुष्ठ भुक्तान गर्नु पर्नेछ।

## कसले आवेदन दिन सक्छ?

- एरिया मिडियन इनकम (**AMI**) को 80% भन्दा बढी नभएका ऋणीहरू। कृपया दायाँतिरको आय सीमा चार्ट हेर्नुहोस्।
- सुधार गरिने सम्पत्तिमा स्वामित्व र बसोबास गर्ने ऋणीहरू
- सहर, विद्यालय र काउन्टी रियल इस्टेटका करहरू बाँकी नभएका वा कम्तिमा छ महिनाका लागि भुक्तानी योजनामा रहेका ऋणीहरू
- सम्पत्तिका लागि हालको घरधनीको बीमा नीति भएका ऋणीहरू

## 2023 HAP आय सीमाहरूको चार्ट

| घरपरिवारको सङ्ख्या | अधिकतम वार्षिक आय |
|---|---|
| 1 | $56,250 |
| 2 | $64,250 |
| 3 | $72,300 |
| 4 | $80,300 |
| 5 | $86,750 |
| 6 | $93,150 |

ura Urban Redevelopment Authority of Pittsburgh

HOF Housing Opportunity Fund

ura.org

# HAP आवेदन जानकारी

Homeowner Assistance Program (HAP) का **आवेदनहरू सामान्यतया प्रत्येक वर्षको वसन्त र गर्मी महिनामा स्वीकार गरिन्छ**। कृपया आवदेन अवधि खुला छ भनी निर्धारण गर्न तलको सम्पर्क जानकारी प्रयोग गर्नुहोस्



## आवेदन प्राप्त गर्ने

HAP का आवेदनहरू https://bit.ly/hap2023 मा उपलब्ध छन्।

मेल वा इमेलबाट आवेदन अनुरोध गर्न, **412-255-6694, एक्सटेन्सन 6721** मा कल गर्नुहोस् वा hof@ura.org**मा इमेल पठाउनुहोस्।**

## आवेदन पेश गर्ने

पूरा गरिएका आवेदनहरूलाई इमेलको माध्यमबाट वा निम्नमा मेल गरेर फिर्ता गर्नुपर्छ:

- hof@ura.org; वा
- पिट्सबर्गको शहरी पुनर्विकास प्राधिकरण आवसीय ऋण र लगानीहरू युनिट 412 बुलेभार्ड अफ एलाइसेस, सुइट 901 पिट्सबर्ग, PA 15219

## के कस्तो कुरासमावेश गर्ने

सम्पूर्ण आवेदकहरूले आफ्नो पूरा गरेको आवेदनसहित निम्न जानकारी पेश गर्नुपर्दछ:

- टेलिफोन, घरको ठेगाना र उपयुक्त भएमा इमेल ठेगानासहित स्पष्ट सम्पर्क जानकारी
- पिट्सबर्ग सहर र एलेघेनी काउन्टीको सबै अचल सम्पत्तिका करहरू भुक्तान गरिएको प्रमाणीकरण
- परिमार्जन गर्न स्वामित्वको प्रमाण वा मालिकको अनुमतिको प्रमाण
- प्रत्येक कमाउनेहरूका लागि भर्खरैको दुई वटा भुक्तान स्टबहरूको प्रतिलिपिहरूसहित आयको प्रमाण
- नवीनतम आय कर फिर्ताको प्रतिलिपि वा दायर नगरिएको प्राणिकरणको पत्र, जुन 1-800-829-1040 मा कल गरेर प्राप्त गर्न सकिन्छ।

**प्रश्नहरू छन्? HOF@ura.org** लाई सम्पर्क गर्नुहोस् वा **412-255-6994, ext 6721** मा कल गर्नुहोस्। भाषा अनुवाद नि: शुल्क उपलब्ध छ। कृपया translation@ura.org मा इमेल गर्नुहोस्।